निर्णयहरु

१.हालै सम्पन्न भएको स्थानीय तह निर्वाचन २०७९, मा यस डडेल्धुरा जिल्ला अर्न्तगत सात वटै स्थानीय तहका नव निर्वाचित प्रमुख,उपप्रमुख,अध्यक्ष,उपाध्यक्ष,सदस्यज्युहरु सबैमा हार्दिक शुभकामना तथा उहाँहरुको सुखद कार्यकालको कामना गर्ने निर्णय गरियो ।

२.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,(स्थानीय तह समन्वय शाखा) सिंहदरवार,काठमाण्डौको च.नं.४१७ मिति २०७८।१२।२४ गतेको प्राप्त पत्रानुसार जिल्ला सभाको नामा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्वन्धी मापदण्ड,२०७८ कार्यान्वयन सम्वन्धमा छलफल गरियो । उक्त मापदण्ड कार्यान्वयन गर्दै अघि बढाउने निर्णय गरियो ।

३.जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका विषयमा नवगठित यस समितिमा छलफल गरियो । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन,२०७५, अनुसुचि १ (घ) दफा ३ को उपदफा (२) सग सम्वन्धीत जिल्ला समन्वय समितिका प्रमुख,उपप्रमुख तथा सदस्यको सुविधाका सम्वन्धमा समेत छलफल गरियो । उक्त सम्दर्भमा हाललाई यसै समितिको मिति २०७८/०९/१७ को निर्णयानुसार नै यस समिति अघि बढ्ने निर्णय गरियो ।

४.अ.न.पा. ६ निवासी निवेदक श्री शौरभ ताम्राकारले जि.स.स. प्रमुख समक्ष प्रमुखज्युको स्वकिय सचिबको रुपमा करार सेवामा कामकाज गर्न पाउँ भनि मिति २०७९/०२/२३ गते निवेदन पेश गर्नु भएकोमा प्रमुखज्युबाट निजलाई उक्त पदमा नियुक्ति दिन समितिको बैठकमा पेश गर्ने तोकादेश भएको पत्र प्राप्त भएको छ । उक्त सम्वन्धमा छलफल हुदा यस जि.स.स.को कार्यालयका लागि स्विकृत उक्त रिक्त पदमा आजकै मिति देखि लागु हुने गरि हाललाई २०७९ असार मसान्तसम्मका लागि करार नियुक्ति उपलब्ध गराईदिन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।